कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि बिकास कार्यालय
मान्म, कालीकोट
☎ ०८७–४४०११८/२०९

पत्र संख्याः- २०८१/८२ मितिः २०८१/०४/३०

सूचना नं.-२

**विषयः कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना !!!**

यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को स्विकृत बार्षिक कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रमहरु संचालन गर्ने लक्ष रहेकाले लक्षित क्षेत्रका इच्छुक कृषि फर्म, कम्पनी/कृषक समूह, कृषि सहकारी संस्थाबाट कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिन भित्र (मिति २०८१/०५/२८ गते सम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न सूचित गराइन्छ । म्याद नाघी वा रित नपुगी प्राप्त भएका आबेदनउपर कुनै कारबाही हुने छैन । कार्यक्रमको मूल्याङ्कन, छनौट तथा कार्यान्वयन सम्बन्धि कार्य कृषि तथा सहकारी सम्बन्धि कार्यक्रम (संचालन तथा ब्यवस्थापन) कार्यबिधि, २०८१ अनुसार हुनेछ। यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको *Website: adokalikot.karnali.gov.np* हेर्न वा कार्यालयको टलिफोन नं. *०८७४४०११८/२०९* मा सम्पर्क गर्न सकिने छ ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रम/क्रियाकलापको नाम | परिमाण | बजेट (रु. हजार) | कैफियत |
|---|---|---|---|---|
| १ | गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम | २ | २००० | गरिबिको सुचकाङ्कमा निर्दिष्ट भए अनुसार बिपन्न समूदायले मात्र आबेदन पेश गर्नु पर्ने |
| २ | प्राङ्गारिक कृषि मोडल फार्म स्थापना | १ | २०० | सडक पहुँच, कृषकको चाहना र पूर्वाधारको अवस्थालाई मध्यनजर गरी स्थान तथा कृषक छनौट गरी कार्यक्रम संचालन गरिने |
| ३ | प्राकृतिक खेतीको नमूना फार्म स्थापना प्रदर्शन | १ | २०० | सडक पहुँच, कृषकको चाहना र पूर्वाधारको अवस्थालाई मध्यनजर गरी स्थान तथा कृषक छनौट गरी कार्यक्रम संचालन गरिने |
| ४ | वेरोजगारी युवा लक्षित कार्यक्रम (कृषि खेती गर्ने इच्छुक युवा र बैदेशिक रोजगारबाट फर्केका युवाहरु) | ३ | २७० | सम्भाब्यता र अनुभवको आधारमा फलफूल, तरकारी वा अन्य ब्यावसायिक वाली उत्पादन सम्बन्धि ब्यावसायिक योजना प्रस्ताव गर्नु पर्ने |
| ५ | मौरी प्रबर्द्धन कार्यक्रम (खाडाचक्र-११, बबेडी) | १ | ३६० | सुधारिएको स्थानीय प्रबिधिमा आधारित मौरी श्रोत केन्द्र स्थापना गर्न इच्छुक अनुभवी कृषकले निबेदन पेश गर्नुपर्ने |

| क्र.सं. | कार्यक्रम/क्रियाकलापको नाम | परिमाण | बजेट (रु. हजार) | कैफियत |
|---|---|---|---|---|
| ६ | नबिनतम कृषि प्रविधिको नमुना/नतिजा प्रदर्शन | २० | १२० | प्रबिधि प्रदर्शनका लागि उपयुक्त जमिन र मानिसको आवत जावत हुँदा सहजै देख्न सकिने स्थान हुनु पर्ने |
| ७ | समुह वा सहकारी मार्फत सामुदायिक कृषि प्रविधि सिकाइ केन्द्र स्थापना तथा सञ्चालन | ५ | ३०० | समूह/सहकारीका सदस्यहरुलाई पायक पर्ने स्थानमा कार्यक्रम प्रस्ताव गरिएको हुनु पर्ने |
| ८ | मकैको बीउ उत्पादनका लागि अनुदानमा श्रोत बीउ बितरण | २५ | १०० | मकैको बीउ उत्पादक कृषकहरुले श्रोत बीउका लागि निबेदन दिनु पर्ने |
| ९ | स्याउ बगैचा सुदृढिकरण सहयोग (काँटछाट, पोसक तत्व, रोग किरा ब्यवस्थापन तथा उपकरण बितरण) | २५ | ८०० | समस्याग्रस्त स्याउ बगैचा धनी कृषक/कृषक समूहबाट सहयोगका लागि निबेदन पेश गर्नु पर्ने |
| १० | उच्च घनत्वमा आधारित स्याउ बगैचा बिस्तार तथा सुदृढिकरण, तिलागुफा-३ | १ | १२०० | उच्च घनत्वमा आधारित स्याउ बगैचा क्षेत्र बिस्तार र बिरुवामा सपोर्टिङ्ग सिस्टम सम्बन्धि कार्यमा सहयोग गर्न सकिने |
| ११ | रहगाड कोरिडोर कागती ब्लक बिकास कार्यक्रम, नरहरिनाथ-८, तलकोट | १ | १००० | आधुनिक खेती प्रबिधिकमा आधारित कागती ब्लक स्थापना गर्न उपुक्त स्थानबाट बगैचा स्थापना गरिने क्षेत्रफल खुल्ने जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि सहितको निबेदन पेश गर्नु पर्ने |
| १२ | एकिकृत नमुना फलफूल बगैचा (कागती, जुनार, एभोकाडो) स्थापना, महावै-२, ओदा | १ | ७०० | आधुनिक खेती प्रबिधिकमा आधारित एकिकृत नमुना फलफूल बगैचा स्थापना गर्न उपुक्त स्थानबाट बगैचा स्थापना गरिने क्षेत्रफल खुल्ने जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि सहित निबेदन पेश गर्नु पर्ने |
| १३ | सडक आसपासका क्षेत्रमा नमुना फलफूल बगैचा स्थापना (स्याउ, ओखर, सुन्तलाजात, एभोकाडो) | ८ | ८०० | सडक आसपासका क्षेत्रमा यात्रा गर्दा सजिलै देख्न सकिने र बगैचा स्थापना गर्न उपुक्त जमिन भएका कृषकहरुले बगैचा स्थापना गर्न चाहेको फलफूलको जात खुलाएर निबेदन पेश गर्नु पर्ने |
| १४ | मागको आधारमा युवा लक्षित कृषि कार्यक्रम | १ | १४८५ | सम्भाब्यता र कृषकको अनुभवको आधारमा फलफूल, तरकारी वा अन्य |

कर्णाली प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
कृषि बिकास कार्यालय
मान्म, कालीकोट
☎ ०८७–४४०११८/२०१

| क.सं. | कार्यक्रम/क्रियाकलापको नाम | परिमाण | बजेट (रु. हजार) | कैफियत |
|---|---|---|---|---|
| | | | | ब्यावसायिक वाली उत्पादन सम्बन्धि प्रस्ताव पेश गर्नु पर्ने |
| १५ | सुन्तलाजात फलफूल उत्पादन विशेष क्षेत्र शुभकालिका-७ पालाचौर | १ | ६०० | आधुनिक खेती प्रबिधिमा आधारित सुन्तलाजात फलफूल बगैचा स्थापना गर्न उपुक्त स्थानबाट बगैचा स्थापना गरिने क्षेत्रफल खुल्ने जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि सहित निबेदन पेश गर्नु पर्ने |
| १६ | स्याउ बगैचा सुदृढिकरण सहयोग (काँटछाट, पोसक तत्व, रोग किरा ब्यवस्थापन तथा उपकरण बितरण) | ३० | ६०० | समस्याग्रस्त स्याउ बगैचाधनी कृषक/कृषक समूहबाट बगैचाको क्षेत्रफल खुलाएर सहयोगका लागि निबेदन पेश गर्नु पर्ने |
| १७ | स्याउ तथा ओखर उत्पादन क्लस्टरमा बिरुवा सहयोग | १५ | ९०० | इच्छुक कृषकहरुले बगैचा स्थापना गर्न चाहेको वाली (स्याउ वा ओखर) र आवश्यक पर्ने बिरुवा संख्या खुलाएर निबेदन दिनु पर्ने |
| १८ | स्याउ उत्पादन पकेट क्षेत्रमा सेलार स्टोर निर्माण | २ | १२०० | प्राबिधिक दृष्टिले सेलार स्टोर निर्माण गर्न उपयुक्त क्षेत्र पहिचान गरेरमात्र निवेदन पेश गर्नु पर्ने |

आवश्यक कागजातहरु:

१. कृषक समूह/सहकारी/फर्म/कम्पनीको हकमा संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. सहभागि कृषकको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
३. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण-पत्रको प्रतिलिपि ।
४. ब्यवसाय संचालन गर्न जग्गा लिजमा लिएको भए संझौता पत्रको प्रतिलिपि ।
५. **अनुसूचि** ३ बमोजिमको निबेदन ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

***पुनश्च:*** *समूह वा सहकारी संस्थाले लामो अवधिसम्म टिक्ने खालका भौतिक संरचना निर्माण गर्नुपर्ने अवस्थामा संरचना निर्माण हुने जमिन समूह वा सहकारीको नाममा दर्ता गरेर सो को जग्गा धनी प्रमाण पूर्जा पेश नगरेसम्म त्यस्ता संरचनाहरु निर्माणका लागि संझौता गर्न कार्यालय बाद्य हुने छैन ।*